# नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश, नेपाल

## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०१/२८

नौकुण्ड गाउँपालिकाको तपसिलका योजनाहरु निर्माण कार्य बोलपत्रद्वारा गर्नुपर्ने भएकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्बकको शिलबन्दी वोलपत्र आह्वान गरिएको छ ।

१. ईच्छुक निर्माण व्यवसायी वा निजको आधिकारिक प्रतिनिधिले यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिन भित्र आ.व २०७५/०७६ सम्मको लागि नविकरण भएको ईजाजत पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व २०७५/०७६ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि कार्यालय समय भित्र रु. १०००।- बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद सहित रितपूर्वक लिखित निवेदन दिई यस कार्यालय बाट प्राप्त गर्न सकिनेछ ।

२.. खरिद भएका वोलपत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाप र शिलवन्दी गरी खाम वाहिर फर्मको नाम ठेगाना र काम लेखी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु सोही दिनको १४.०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको ग्लोवल आई.एम.ई वैंक नौकुण्ड, रसुवा शाखामा रहेको धरौटी खाता नं. S1040000002 मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलबन्दी वोलपत्र पेश गर्ने अन्तिम मिति देखि ४५ दिन म्याद भएको, मान्यता प्राप्त वैंकबाट वैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

४. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्रोसंग बुझी, साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ ।

५. वोलपत्रदाताले आफूले कबोल गरेको अंक मुल्य अभिवृद्धि कर वाहेकको हुनु पर्नेछ । मुल्य अभिवृद्धि करको रकम समेत एकमुष्ट भूक्तानी गरिने छ ।

६. वोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. वोलपत्रदाताको वोलपत्र स्वीकृत भएपछि मु.अ.कर सहितको कबोल अंकको पांच प्रतिशतले हुन आउने रकम यस कार्यालयको ग्लोवल आई.एम.ई वैंक नौकुण्ड, रसुवा शाखामा रहेको धरौटी खाता नं. S1040000002 मा रकम जम्मा गरेको सक्कल भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

८. वोलपत्र शर्त रहित,यस कार्यालयले उपलव्ध गराएको वोलपत्र पुस्तिकामा कुनै थपघट भए सहीछाप भएको हुनु पर्नेछ, समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुनेछैन ।

९. कार्यालयको हितलाई ध्यानमा राखी कुनैपनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. वोलपत्र सम्बन्धी सुचनामा कुनै शंसोधन भएमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनेछ र गा.पा.को web site: www.naukundamun.gov.np मा समेत हेर्न सकिनेछ । बोलपत्र सम्बन्धी कुनै सुचना बुझ्नु परेमा कार्यालय समय भित्र प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

११. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पुर्ण करहरु वोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१२. सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन , २०६३ तथा सार्वजनिक खरीद नियमावली , २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ । संयुक्त उपकम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।

१३. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र कागजात अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइनेछैन ।

१४. शिलवन्दी वोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा बोलपत्र खरिद, दर्ता र खोल्ने काम हुनेछ ।

**कामको विवरण**

| सि.न. | ठेक्का नं. | कामको विवरण | ल.ई रकम (मू.अ.कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | GON/POW/NRM/ CPB/03/076-077 | सामुदायिक प्रिफयाब भवन वडा नं. १ | १४,१६,२३४।१६ | ४५,०००।०० | १०००।० |
| २. | GON/POW/NRM/ CPB/04/076-077 | सामुदायिक प्रिफयाब भवन वडा नं. २ | १४,१७,४४२।२५ | ४५,०००।०० | १०००।० |
| ३. | GON/POW/NRM/ CPB/05/076-077 | सामुदायिक प्रिफयाब भवन वडा नं. ६ | १३,५५,७७३।८३ | ४३,०००।०० | १०००।० |

प्रमुख प्रशासकीय अधिकृत